# TRANSFORMATION
# THROUGH INNOVATION

30th

ANNUAL REPORT
2021-22

HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.

वार्षिक प्रतिवेदन
आ.व. २०७८/२०७९

# Board of Directors



**From Left to Right :** 1. Bijay Bhadur Shrestha, 2. Himalaya SJB Rana, 3. Jitendra Dhital, 4. Ashish Sharma 5. Faisal N. Lalani, 6. Prachanda Bahadur Shrestha, 7. Sunil Bahadur Thapa, 8.Radha Krishna Pote

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषयः विवरण (माइन्यूट)**

महाशय,

मिति २०७९ साल पौष २८ गते बिहिबार सम्पन्न भएको यस बैंकको तीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# तीसौं (३०) वार्षिक साधारण सभाको
# विवरण (माइन्यूट)

**१. वैधानिक सभा :**

हिमालयन बैंक लिमिटेडको २०७९ पौष ६ गते बसेको संचालक समितिको ४२८ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको तीसौ वार्षिक साधारण–सभा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

मिति : २०७९ साल पौष २८ गते बिहिबार (तदनुसार १२ जनवरी २०२३)

समय : बिहान ११:०० बजे

स्थान : होटल सोल्टी, सोल्टीमोड, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम :**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबर दैनिकमा मिति २०७९/०९/०७ र अन्नपूर्ण पोष्ट दैनिकमा मिति २०७९/०९/०८ गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा–नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूची :**

क) सामान्य प्रस्ताव

१) तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा–नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि. को आ.ब २०७८/७९ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने,

४) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू.१२,९६,८७,२५,७२५।– को ११.११ प्रतिशत (कर सहित) ले हुने जम्मा रू.१,४४,०८,२५,४२८.०३ नगद लाभाँश दिने प्रस्ताव स्वीकृत गर्ने,

५) सर्बसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन,

६) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक जि.पि राजबाहक एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट पुनः नियुक्त हुन सक्ने ।)

## ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू.१२,९६,८७,२५,७२५।– बाट बृद्धि गर्न चुक्ता पूँजीको ८ प्रतिशतले हुने जम्मा रू. १,०३,७४,९८,०५८ बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकले आर्थिक बर्ष २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत विभिन्न संघ–संस्था, सामुदायिक अस्पतालहरू, सामुदायिक विद्यालयहरूलाई तथा वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन समेतमा गरि खर्च गरेको कुल रकम रू. १,२७,१७,२२४.३९ (अक्षरेपी एक करोड सत्ताइस लाख सत्र हजार दुई सय चौबिस रूपैयाँ उनन्चालिस पैसा) अनुमोदन गर्ने । (संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको ३० औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।)

३) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनका लागि भएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता M/s CSC & CO., Chartered Accountants को नियुक्ति, उक्त मूल्याङ्कनकर्तालाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कामकारवाहीहरूलाई स्वीकृती प्रदान गर्ने ।

४) हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता M/s CSC & CO., Chartered Accountants बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due

Diligence Audit Report) तथा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका विषयहरूको आधारमा शेयर आदान प्रदान अनुपात निर्धारण गरी सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात १०० बराबर ८०.२८ (Swap Ratio 1: 0.8028) हुने गरी (सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरूलाई हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर अनुपात हुने गरी) सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्न स्वीकृती प्रदान गर्ने ।

५) विशेष प्रस्ताव नं (४) बमोजिम सिभिल बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि हुने तथा संस्थापक तथा सर्बसाधारण शेयरधनीहरूको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न सम्बन्धित दफाहरूमा (अनुसूचिमा उल्लेख भए अनुसार) संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

६) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति पश्चात हिमालयन बैंक लिमिटेडकै नाममा एकिकृत कारोवार गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने ।

७) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृती लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र र नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

८) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

**ग) विविध,**

## ५. उपस्थिति :

**५.१. संचालकहरू :**

| | |
|---|---|
| १. श्री प्रचण्ड बहादुर श्रेष्ठ | अध्यक्ष |
| २. श्री जितेन्द्र धिताल | संचालक |

३. श्री सुनिल बहादुर थापा — संचालक

४. श्री आशिष शर्मा — संचालक

५. श्री विजय बहादुर श्रेष्ठ — संचालक

६. श्री राधाकृष्ण पोते — संचालक

**५.२. पर्यवेक्षक :**

१. श्री अर्जुन खड्का — प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री नबिन कुमार भट्टराई — प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय

३. श्री कुलचन्द्र रिजाल — प्रतिनिधि - नेपाल स्टक एक्स्चेन्ज

**५.३. लेखापरीक्षक :**

१. श्री मदन के.सी — प्रतिनिधि, जि पि राजबाहाक एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स

**५.४. निर्वाचन अधिकृत :**

१. श्री रमेश सापकोटा — निर्वाचन अधिकृत

**५.५. बैंक पदाधिकारीहरू :**

१. श्री अशोक शमशेर राणा — प्रमुख कार्यकारी अधिकृत

२. श्री उज्वल राज राजभण्डारी — महाप्रबन्धक

३. श्री अनुप मास्के — महाप्रबन्धक

४. श्री सुनिल प्रसाद गोर्खाली — सहायक महाप्रबन्धक

५. श्री सतिश राज जोशी — सहायक महाप्रबन्धक

६. श्री विजय मान नकर्मी — सहायक महाप्रबन्धक

**५.६. शेयरधनीहरूको उपस्थिति तथा गणपुरक संख्या :**

३०औ वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको संख्या तथा साधारण सभामा भएको शेयरधनीको प्रतिनिधित्वको विवरण

| विवरण | कुल शेयर संख्या | ३० औ वार्षिक साधारण सभामा उपस्थिति | | |
|---|---|---|---|---|
| | | शेयर संख्या | सभामा कुल शेयरको प्रतिनिधित्व | शेयर धनीहरुको उपस्थित संख्या |
| **संस्थापक समुह (८५%)** | ११,०२,३४,१६८.६६ | ८,८३,०७,७८१.०० | ६८.०९% | ६ |
| **सर्वसाधारण समुह (१५%)** | १,९४,५३,०८८.५९ | १०,१९,०२७.२२ | ०.७९% | ६७० |
| **कुल** | १२,९६,८७,२५७.२५ | ८,९३,२६,८०८.२२ | ६८.८८% | ६७६ |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६) सभाको वैधानिकता र अध्यक्षताः

साधारण सभा शुरू हुनअघि कम्पनी सचिव व्यक्तिगत कारणले उपस्थित हुन असमर्थ हुनु भएकोले सभामा सहायक महाप्रबन्धक तथा वित्त शाखा प्रमुख श्री सतिश राज जोशीले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको नियमावली तथा प्रचलित नेपाल कानुन अनुसार तीसौ वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिँदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

## ७) सभा संचालन :

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका अध्यक्ष तथा संचालक समितिका अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठले सबैको स्वागत गर्दै तीसौं वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष श्री प्रचण्ड बहादुर श्रेष्ठज्यूले सभाका विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तदनुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

**सर्वसाधारण शेयरधनीहरु**

१) श्री उत्तम दत्त पाण्डे

२) श्री सुर्य बहादुर खड्का

३) श्री गुण राज भट्ट

४) श्री नरेन्द्र श्रेष्ठ

## ८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

### ८.१ शुभकामना र आभार :

तीसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकटगर्ने सबै शेयरधनी महानुभावहरूले विभिन्न प्रतिकुल परिस्थितिका बावजुद ८.००% बोनस शेयर र ११.११% नगद लाभांश प्रदान गरिएकोमा प्रसन्नता व्यक्त गर्नुभयो । आउँदा वर्षहरूमा पनि बैंकले बोनस शेयर तथा नगद लाभाँश बढाउँदै लैजाओस भन्ने चाहना व्यक्त गर्नु भयो । त्यस्तै उहाँहरूले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रस्तावमा समर्थन जनाउनु हुँदै प्राप्ति पश्चात पनि बैंक सबल तथा अझ बलियो हुने राय व्यक्त गर्नुहुदै साधारण सभाको सफलताको कामना गर्नुभयो ।

## ८.२ सर्वसाधारण शेयरधनीहरूका जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

### ८.२.१ श्री उत्तम दत्त पाण्डे

हिमालयन बैक लिमिटेडले शेयरधनीलाई ८% बोनस शेयर तथा ११.११% नगद लाभांश गरि जम्मा १९.११% प्रतिफल दिन सकेकोमा प्रशन्नता व्यक्त गर्दै धन्यवाद दिनुभयो तथा सिभिल बैंक लिमिटेडलाई प्राप्ति पश्चात आगामी वर्ष घटिमा पनि २५% लाभांश दिन सकोस भन्ने आशा व्यक्त गर्नुभयो । सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने निर्णय गरेकोमा स्वागतयोग्य भएको र धन्यवाद दिनु भयो । ग्राहकहरूको सुविधालाई ध्यानमा राखी नगद जम्मा गर्न मिल्ने मेशिन ठाउँ ठाउँमा राखेको कुरा स्वागतयोग्य भएको बताउनुभयो । आफ्नो पुँजि, सम्पत्तिको तुलनामा डि डि ए गणना गराएर आफ्नो भन्दा कम मुल्य दिनु राम्रो भएको बताउनु भयो । निष्क्रिय कर्जा १.५९% राम्रै रहेको बताउनुभयो । उहाँले मेलम्ची खानेपानी आयोजना प्रकरणको बैंक ग्यारेण्टी बापतको रकम फिर्ता ल्याउने सम्पुर्ण बैंक व्यवस्थापक तथा संचालक समितिको प्रशंसा गर्नुभयो र क्षतिपुर्ति बापतको रकम पनि यथा शिघ्र ल्याउन पहल गर्नु पर्ने बताउनु भयो ।

### ८.२.२ श्री सुर्य बहादुर खड्का

व्यवसाय, वित्तीय विवरणहरूमा के छ भनि छलफलका लागि आमन्त्रण गर्नु राम्रो रहेको छ । प्रतिकुल परिस्थितिका बावजुत बैंकले शेयरधनीलाई दिएको प्रतिफल प्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा झै शेयरधनी उत्साहीत र आशावादी हुने वातावरण श्रृजना गर्ने तर्फ बैंक सजग भएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो । बैंकका अधिकांश सुचकहरू राम्रो रहेको, निक्षेप तथा कर्जाको बृद्धिदर राम्रो रहदाँ पनि नाफा घटेको जानकारी गराउँनु भयो । विगतको तुलनामा Impairment charge ९ गुणाले बृद्धि भएकोले त्यसलाई घटाउन बैंक व्यवस्थापन लाग्नुपर्ने जनाउनु भयो । NIBL संग मर्जर तोडिदा कुनै तर्क थियो होला तर CBL लाई प्राप्ति गर्नु जस्तो हानिकारक NIBL संग मर्जर गर्दा थिएन होला भन्नु भयो । मर्जरको निर्णय ढिला हुँदा अर्कोले भाउ बढायो । यसले शेयरधनीहरूमा निराशा छाएको छ । ८०.२८ दिएर पुँजि २१ अर्ब त भयो तर त्यस मध्ये ७ अर्ब अर्थात ३५% उनीहरूको भयो जसले गर्दा कमाएको ३५% उनीहरूलाई दिनुपर्ने बताउनु भयो । हिमालयन बैंकको ROE १४% र सिभिलको ६.५% मात्र हुँदा ५०% भन्दा बढि दिनु नपर्ने बताउनु भयो । त्यस्तै सिभिल संग मर्जर त गरियो तर नियमनकारी सुविधा पाउन ढिला भयो कि अलि अगाडी गरेको भए अन्य बैंकहरूले जस्तै सुविधा पाइन्थ्यो कि भन्ने कुरा बताउनु भयो । सिभिल बैंकसंग गरेको मर्जरको डिल घाटाको डिल हो भन्नुभयो ।

उहाँले बैंक मर्जर/एक्वायरका सम्बन्धमा लिएका कतिपय निर्णयको समिक्षा गर्नुपर्ने खाँचो औल्याउनुभयो । आगामी दिनमा आफ्ना कमिकमजोरी स्विकार गरि नयाँ उर्जाका साथ अगाडी बढ्ने, आगामी दिन एक दमै उर्जाशिल बनोस्, बोर्डलाई नयाँ उर्जा मिलोस्, निराशा नभई उर्जा आशा मिलोस् भन्ने अपेक्षा राख्नु भयो । सिभिल बैंकलाई प्राप्ति गर्दा कर्मचारीहरू बिचमा सिनर्जी प्राप्त होस्, यस्ता डिलिङ्गहरू गर्दा शेयरधनीहरूलाई विश्वासमा लिएर, आउने परिस्थितिहरूलाई अंकलन गरेर निर्णय लिइयोस् भन्नेकुरामा ध्यानाकर्षण गराउनु भयो । अन्त्यमा सिभिललाई प्राप्ति गर्ने प्रस्तावमा समर्थन जनाउदै साधारण सभाको सफलताको कामना गर्नुभयो ।

८.२.३ श्री गुण राज भट्ट

गत वर्ष इन्भेष्टमेन्ट बैंकसंग मर्जर नभएर हिमालयन बैंकको नाम उच्च नै राखेको र शेयरधनीहरूलाई पनि गत वर्षको तरलताको समस्या, कोभिडको समस्याको अवस्थामा पनि ११.११% नगद र ८% बोनस शेयर गरेर १९.११% को राम्रो प्रतिफल दिएको बताउनु भयो र विशेष धन्यवाद दिनुभयो । आउने वर्ष यस बाट नघटि अझै बढि प्रतिफल दिनु पर्ने बताउनु भयो । ऐन/नियमको परिधि भन्दा बढि खर्च भयो समर्थन गरिदिनुहुन भन्नुभएको रहेछ समर्थन त अवश्य हुन्छ । तर म के विनम्र अनुरोध गर्दछु भने एक ठाउँमा ऐन नियम तोडिए अर्को ठाउँमा पनि तोडिने सम्भावना हुन्छ त्यसैले यस्तो प्रश्न आउने वर्ष देखि नआओस् । ऐन नियमले तोकेको परिधि भित्र मात्रै खर्च गर्नुहुन मेरो विनम्र अनुरोध हो । NPL १% भन्दा कम राख्न अनुरोध गर्नुभयो । ऐन नियम भित्र गरिने पारदर्शी खर्च मात्र बैंकको हितमा हुने भन्दै, बैंकका कर्मचारीको तलब, सेवा, सुबिधामा कन्जुस्याई नगर्न आग्रह गर्नुभयो किनकी उनिहरू नै बैंकका जग हुन् । उहाँले सिभिल बैंकलाई दिएको स्वाप रेसियोको बढि भयो, ५०% भन्दा बढि दिनु हुन्थेन । अन्त्यमा साधारण सभामा प्रस्तुत प्रस्तावहरूमा समर्थन जनाउनु हुँदै सभाको सफलताको कामना गर्नुभयो ।

८.२.४ श्री नरेन्द्र श्रेष्ठ

हिमालयन बैंक हामी औसत भन्दा माथि रहेको बैंकको रूपमा छ । यो ३० औं वर्ष काम गरिसकेपछि बजारमा स्थापित बैंक रहेको बताउनु भयो । केही प्रमुख सुचकहरू हेर्दा १,२ वटामा सुधार गर्न चाहाँदा चाँहादै पनि नसकेको हो की भन्ने लागेको बताउनुभयो । खुद मुनाफा अघिल्लो वर्षको भन्दा ४०%-४५% ले घटेको छ । त्यसमा अवश्य पनि केही कारणहरू, चुनौतीहरू रहेको बताउनु भयो । त्यस्तै निष्क्रिय कर्जा ३ गुणा बढेको र दिएको कर्जा फिर्ता गर्न सकेन भने नाफालाई असर गर्ने कुरा बताउनु भयो । नाफा कम भएको कारणले गर्दा

बुक नेटवर्थ पनि कम भएको कुरा बताउनु भयो । यो वर्ष बैंक चलाउन विभिन्न तत्वहरू जस्तै देशको अवस्था, विश्व अर्थतन्त्र र कोभिडको कारणहरू मध्ये के कारणले असर परिरहेको छ र त्यस्ता चुनौतीहरूको सामना गर्न बैंकले के के काम गर्दै छ भन्ने कुरामा जिज्ञासा राख्नु भयो । सिभिल बैंकलाई प्राप्ति गरेपछि आउने वर्ष हिमालयन बैंकलाई थप प्रगति गर्नु पर्ने चुनौती थपिरहेको र १ + १ गर्दा ३ कसरी बनाउने, कर्मचारी र बैंक व्यवस्थापन बिच सिनर्जी कसरी बनाउने विषयमा चर्चा गर्नुभयो ।

## ८. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश :

सभामा उपस्थित शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरू तथा श्री चन्द्र नारायण श्रेष्ठ, श्री सुदीप श्रेष्ठज्यूहरूले लिखितरूपमा बुझाउनु भएका आफ्ना सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा औल्याइएका कमि कमजोरीहरूलाई आगामी वर्षहरूमा सुधार गर्दै लैजाने तथा उहाँहरूले दिनुभएका अमूल्य सुझावहरूको क्रमशः कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । सभामा उहाँले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

- अध्यक्षज्यू र प्रमुख कार्यकारीज्यूले सिभिल बैंकलाई भविष्यमा हुने सिनर्जीलाई ध्यानमा राखी प्राप्ति प्रक्रिया अगाडी बढाएको कुरा बताउनु भयो । हामी विशेष गरि कर्पोरेट क्षेत्रमा बढी ध्यान दिएको र सिभिल बैंक एस एम ई क्षेत्रमा बढी ध्यान दिएको बैंक भएको बताउनु भयो । अहिले हाम्रो ७०% कर्पोरेट क्षेत्रमा र ३०% एस एम ई क्षेत्रमा लगानी भएको तर सिभिलको ३०% कर्पोरेट क्षेत्रमा र ७०% एस एम ई क्षेत्रमा लगानी भएको बैंक भएको बताउनु भयो । अहिलेको प्रतिकुल आर्थिक अवस्थामा कर्पोरेट क्षेत्रमा मात्र ध्यान दिने बेला नभएकोले यो दुईवटा बैंकको संयोजनले एउटा राम्रो सिनर्जी प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । उहाँहरूले स्वाप रेसियोमा राष्ट्र बैंकको मर्जर तथा प्राप्ति सम्बन्धी नीति अनुरूप नै सिभिल बैंकलाई उहाँहरूको गुड विल तथा दक्ष जनशक्तिलाई ध्यानमा राखी थप १०% दिएको बताउनु भयो ।
- अध्यक्षज्यूले सबैको साथ र सहयोगको आशा गरि निराश नहुन आग्रह गर्नु भयो तथा कसैलाई पनि निराश हुन नदिने बताउनु भयो । धेरै विचार र डि डि ए गरेर यो प्राप्ति प्रक्रिया यहाँ सम्म आएको बताउनु भयो । उहाँले राष्ट्र बैंकबाट पाउने सुविधा प्रति आशावादी रहेको बताउनु भयो । मर्जर/प्राप्ति व्यावसायीक आवश्यकता भएको र ठूलो बैंक बनि व्यवसाय बृद्धि गर्न यो आवश्यक रहेको बताउनु भयो । हिमालयन बैंक यहाँ सम्म आफ्नै पूँजि तथा आफैले व्यवसाय बृद्धि गरि आएको हो तर अब व्यावसायीक आवश्यकता हेरेर यो प्राप्ति प्रक्रिया अगाडी बढाएको कुरा बताउनु भयो ।

- प्रमुख कार्यकारी अधिकृतज्यूले किन सिभिल बैंक भन्ने कुरामा उनिहरूको लगानीको क्षेत्र, शाखा संख्या, मानवस्रोत अरू बैंकको भन्दा कम भएको, कोर बैंकिङ्ग प्रविधि दुबै बैंकमा एउटै भएको, सुचना प्रविधिमा Automation गरि कम कर्मचारीबाट काम गर्न सफल भएकोले खर्चलाई पनि ध्यानमा राखेर यो प्राप्ति प्रक्रिया अगाडी बढाएको बताउनु भयो । हिमालयन बैंककै पूर्व कर्मचारीहरू गएर स्थापित गरेको बैंक भएको भएर, वातावरण, कोर बैंकिङ्ग प्रविधि, Manuals हरू हाम्रो संग मिल्ने भएकोले सिनर्जी प्राप्त हुने बताउनु भयो । प्राप्ति गरे पछि पनि सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व ३० प्रतिशत नपुग्ने भएको कारणले गर्दा यसै वर्ष भित्र FPO जारी गरि ३ अर्ब जति उठाउने योजना रहेकोले बैंकको पूँजि बढी सबैलाई फाइदा हुने बताउनु भयो । Impairment बढेको कुरामा उहाँले आर्थिक अवस्थाले धेरै बैंकहरूको NBA बढेको तथा ब्याजदरको कारणले व्यापार व्यवसाय त्यति राम्रो नचलेकोले यस्ता अवस्था आएको बताउनु भयो । भविष्यमा यसमा सुधार हुदै जाने कुरा बताउनु भयो । बैंकहरूले कर्जा दिंदा राम्रो संग नहेरेको भन्ने कारणले चालु पूँजि कर्जा सम्बन्धी मार्गदर्शन लागु भएको तथा विभिन्न अन्य कारणहरूले गर्दा निष्क्रिय कर्जा अनुपात बढेको बताउनु भयो । बैंकहरूले घोषणा गरेको नाफा र वितरणयोग्य नाफामा देखिएको फरक यहि नै कारण भएको पनि बताउनु भयो ।

## १०. **निर्णयहरू** :

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम निम्न प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्दै ताली बजाएर स्वीकृत प्रदान गर्न अनुरोध गर्नुभयो ।

### क) सामान्य प्रस्ताव

१) तीसौ वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, सभाले सर्वसम्मतिले पारित भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा–नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिले पारित भयो ।

३) यस बैंकको सहायक कम्पनी हिमालयन क्यापिटल लि को आ.ब २०७८/०७९ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण सर्वसम्मतिले पारित भयो ।

४) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजी रू.१२,९६,८७,२५,७२५।– को ११.११ प्रतिशत (कर सहित) ले हुने जम्मा रू.१,४४,०८,२५,४२८.०३ नगद लाभांश दिने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

५) सर्बसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचनको कार्यक्रम रहेकोमा का.जि. का.म.न.पा वडा नं ४ विशालनगर बस्ने श्री विजय बहादुर श्रेष्ठको मात्र मनोनयन दर्ता भएकोमा उहाँ निर्बिरोध निर्वाचित हुनुभएको तथ्य निर्वाचन अधिकृत श्री रमेश सापकोटाले जानकारी दिनुभयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

६) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री आशिष शर्माले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षण कार्यका लेखापरीक्षक जि.पि राजबाहक एण्ड कम्पनी चार्टड एकाउन्टेन्टस्लाई बैंकको लेखा परीक्षकमा पुनः नियुक्त गर्ने र बैंकको लेखा परीक्षण, कर लेखा परिक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरि कुल रू. २० लाख मात्र (मु. अ. कर बाहेक) पारिश्रमिक तोक्ने प्रस्ताबमा ताली बजाएर स्वीकृति प्रदान गर्न अनुरोध भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

## ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र हालको चुक्ता पूँजी रू.१२,९६,८७,२५,७२५।– बाट बृद्धि गर्न चुक्ता पूँजीको ८ प्रतिशतले हुने जम्मा रू. १,०३,७४,९८,०५८।– बोनस शेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

२) बैंकले आर्थिक वर्ष २०७८/७९ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत विभिन्न संघ–संस्था, सामुदायिक अस्पतालहरू, सामुदायिक विद्यालयहरूलाई तथा वित्तीय साक्षरताका कार्यक्रमहरू सञ्चालन समेतमा गरि खर्च गरेको कुल रकम रू. १,२७,१७,२२४.३९ स्विकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

३) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनका लागि भएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता M/s CSC & CO., Chartered Accountants को नियुक्ति, उक्त मूल्याङ्कनकर्तालाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), समझदारी पत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौता पत्र (Final Scheme of Arrangement) लगायतका सम्पूर्ण कामकारवाहीहरू स्विकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४) हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेडलाई प्राप्ति (Acquisition) गर्ने प्रयोजनको लागि मूल्याङ्कनकर्ता M/s CSC & CO., Chartered Accountants बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तथा व्यावसायिक अवसरहरू, व्यावसायिक प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिती, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयरबजार मुल्य समेतका विषयहरूको आधारमा शेयर आदान प्रदान अनुपात निर्धारण गरी सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात १०० बराबर ८०.२८ (Swap Ratio 1: 0.8028) हुने गरि (सिभिल बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर उक्त कम्पनीका शेयरधनीहरूलाई हिमालयन बैंक लिमिटेडको ८०.२८ कित्ता शेयर अनुपात हुने गरी) सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

५) विशेष प्रस्ताव नं ४) बमोजिम सिभिल बैंक लिमिटेडलाई प्राप्ति गरे पश्चात बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि हुने तथा संस्थापक तथा सर्बसाधारण शेयरधनीहरूको शेयर स्वामित्व प्रतिशत समेत परिवर्तन हुने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीको विभिन्न सम्बन्धित दफाहरूमा (अनुसुचिमा उल्लेख भए अनुसार) संशोधनको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

६) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति पश्चात हिमालयन बैंक लिमिटेडकै नाममा एकिकृत कारोवार गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

७) यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने प्रक्रियामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृती लिने । अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पूँजी संरचना वा प्रबन्धपत्र र नियमावली संशोधनका सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

८) बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।**

## ११. धन्यवाद ज्ञापन:

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन :

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले तीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

(विपिन हाडा)
कम्पनी सचिव

(प्रचण्ड बहादुर श्रेष्ठ)
अध्यक्ष

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# तीसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा गरिने प्रस्तावित संशोधन मस्यौदा

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(ख) तत्काल जारी पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | **दफा ५. बैंकको पूँजीको संरचनाः**<br>(ख) तत्काल जारी पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसट्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | आ.व २०७८/०७९ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूँजी संरचनामा हेरफेर हुने हुँदा । |
| (ग) तत्काल चुक्ता पूँजी<br>रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | (ग) तत्काल चुक्ता पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसट्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(ख) तत्काल जारी पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | **नियम ३.(ख): बैंकको अधिकृत पूँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः**<br>(ख) तत्काल जारी पूँजी रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसट्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | आ.व २०७८/०७९ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको विद्यमान पूंजी संरचनामा हेरफेर हुने हुँदा । |
| (ग) तत्काल चुक्ता पूँजी रु. १२,९६,८७,२५,७२५।- (अक्षरेपी बाह्र अर्ब छयान्नब्बे करोड सतासी लाख पच्चीस हजार सात सय पच्चीस रुपैयाँ मात्र) हुनेछ । | (ग) तत्काल चुक्ता पूँजी रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसट्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | |

<table>
<tr><th>नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</th><th>नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :</th><th>बैंकको पूँजीको संरचनाः</th></tr>
<tr><td>(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्ष - २०,०००।- प्रति बैठक<br>(आ) संचालक- १६,०००।- प्रति बैठक</td><td>(१) संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :-<br>(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालकले पाउने बैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्ष - २४,०००।- प्रति बैठक<br>(आ) संचालक- २०,०००।- प्रति बैठक</td><td>समय सापेक्ष रुपमा संचालकको बैठक भत्ता रकम बृद्धि गर्नुपर्ने भएकोले ।</td></tr>
<tr><td>(ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) दैनिक भत्ता रु.<br><table><tr><td>नेपाल भित्र</td><td>रु. ४६००/–</td></tr><tr><td>भारत</td><td>भा. रु. ५०००/–</td></tr><tr><td>सार्क मुलुक</td><td>USD २००/–</td></tr><tr><td>अन्य मुलुक</td><td>USD ३००/–</td></tr></table></td><td>(ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) दैनिक भत्ता रु.<br><table><tr><td>नेपाल भित्र</td><td>रु. ६०००/–</td></tr><tr><td>भारत</td><td>भा. रु. ६०००/–</td></tr><tr><td>सार्क मुलुक</td><td>USD २४०/–</td></tr><tr><td>अन्य मुलुक</td><td>USD ३५०/–</td></tr></table></td><td>चौबिसौ वार्षिक साधारण सभा पश्चात दैनिक भत्ता बृद्धि नभएकोले बजार मूल्य बृद्धि अनुसार समायोजन गर्नु बाञ्छनिय देखिएकोले ।</td></tr>
</table>

**नोटः**

३० औं वार्षिक साधारणसभाबाट यस बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धी विशेष प्रस्ताव नं ३, ४, ५, ६, ७ हरू स्वीकृत भएर आवश्यक नियामकीय प्रक्रिया पश्चात एकिकृत कारोबार हुँदा बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजीको संरचना निम्न अनुसार हुनेछ ।

**बैंकको पूँजीको संरचनाः**

क) यस बैंकले सिभिल बैंकलाई प्राप्ति गरे पश्चात दुबै बैंकको कुल अधिकृत पूँजी (हिमालयन बैंकको रू. १६ अर्ब तथा सिभिल बैंकको रू. १० अर्ब) जोड्दा बैंकको अधिकृत पूँजी रू. २६,००,००,००,०००।– (अक्षरेपी छब्बिस अर्ब रूपैयाँ मात्र) हुनेछ । उक्त पूँजीलाई रू १००।– का दरले २६,००,००,००० (छब्बिस करोड थान) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) आ.व २०७८/७९ को नाफा बाट यस बैंक र सिभिल बैंकले बोनस शेयर जारी गरे पश्चात हुने नयाँ शेयर संरचना तथा यस बैंकले सिभिल बैंकलाई प्राप्ति गर्ने प्रक्रियामा स्वीकृत शेयर आदान प्रदान अनुपात (१: ०.८०२८ अर्थात सिभिल बैंकको १०० कित्ता शेयर बराबर हिमालयन बैंकको ८०.२८ कित्ता शेयर) अनुसार सिभिल बैंकलाई प्राप्ति गर्दा हिमालयन बैंकको जारी पूँजी रू. १४,००,६२,२३,७८३.०० तथा सिभिल बैंकको जारी पूँजी रू. ७,६५,०३,९१,८४८.९० हुने र कुल तत्काल जारी पूँजी रू. २१,६५,६६,१५,६३१.९० (अक्षरेपी एक्काइस अर्ब पैसट्ठी करोड छैसट्ठी लाख पन्ध्र हजार छ सय एकतीस दशमलब नब्बे रूपैयाँ मात्र) कायम हुनेछ ।

(ग) आ.व २०७८/७९ को नाफा बाट यस बैंक र सिभिल बैंकले बोनस शेयर जारी गरे पश्चात हुने नयाँ शेयर संरचना तथा यस बैंकले सिभिल बैंकलाई प्राप्ति गर्ने प्रक्रियामा स्वीकृत शेयर आदान प्रदान अनुपात (१: ०.८०२८ अर्थात सिभिल बैंकको १०० कित्ता शेयर बराबर हिमालयन बैंकको ८०.२८ कित्ता शेयर) अनुसार सिभिल बैंकलाई प्राप्ति गर्दा हिमालयन बैंकको चुक्ता पूँजी रू. १४,००,६२,२३,७८३.०० तथा सिभिल बैंकको चुक्ता पूँजी रू. ७,६५,०३,९१,८४८.९० हुने र कुल चुक्ता पूँजी रू. २१,६५,६६,१५,६३१.९० (अक्षरेपी एक्काइस अर्ब पैसट्ठी करोड छैसट्ठी लाख पन्ध्र हजार छ सय एकतीस दशमलब नब्बे रूपैयाँ मात्र) कायम हुनेछ ।

बैंकको ३० औं वार्षिक साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०७९/१०/०९ को पत्र संः बैं.वि.नि.वि./बिआर–२/हिमालयन/०७९/८० को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट संशोधन सहित अनुमोदन भएको छ ।

संशोधनको विवरण तल उल्लेख गरिएको छ ।

**प्रबन्धपत्र संशोधनको विषेश प्रस्तावः**

| दफा | प्रस्तावित संशोधन | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| ५. (ख) | तत्काल जारी पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसठ्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | प्रस्ताव बमोजिम संशोधन गर्न स्वीकृत । |
| ५. (ग) | तत्काल चुक्ता पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसठ्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | प्रस्ताव बमोजिम संशोधन गर्न स्वीकृत । |

**नियमावली संशोधनको विषेश प्रस्तावः**

| दफा | प्रस्तावित संशोधन | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| ३ (ख) (ख) | तत्काल जारी पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसठ्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | प्रस्ताव बमोजिम संशोधन गर्न स्वीकृत । |
| ३ (ख) (ग) | तत्काल चुक्ता पूँजी<br>रु. १४,००,६२,२३,७८३।- (अक्षरेपी चौध अर्ब बैसठ्ठी लाख तेइस हजार सात सय त्रियासी रुपैयाँ मात्र) हुनेछ । | प्रस्ताव बमोजिम संशोधन गर्न स्वीकृत । |
| ३१ (१) | (ख) संचालक समितिको वैठकमा उपस्थित भए बापत सञ्चालकले पाउने वैठक भत्ता यस प्रकार हुनेछ ।<br>(अ) अध्यक्ष - २४,०००।- प्रति वैठक<br>(आ) संचालक- २०,०००।- प्रति वैठक | साविकको व्यवस्था कायम राख्ने । |
| ३१ (१) | (ग) बैंकको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) दैनिक भत्ता रु.<br>नेपाल भित्र: रु. ६०००/–<br>भारत: भा. रु. ६०००/–<br>सार्क मुलुक: USD २४०/–<br>अन्य मुलुक: USD ३५०/– | प्रस्ताव बमोजिम संशोधन गर्न स्वीकृत । |

**HIMALAYAN BANK LIMITED, Corporate Office**
Kamaladi, P.O. Box: 20590, Kathmandu, Nepal, Tel: 977-1-4227749
Fax: 977-1-4222800, E-mail: himal@himalayanbank.com
Website: www.himalayanbank.com, SWIFT: HIMANPKA

## Province 1

**Biratnagar Branch**
Shanihat Mainroad, Biratnagar
Tel: 021-514653,574945

**Birtamod Branch**
Sanischarya Road, Birtamod
Tel: 023-545611, 545610

**Damak Branch**
Highway, Damak, Jhapa
Tel: 023-585291, 585292

**Dharan Branch**
Putali Line, Sunsari
Tel: 025-578966, 5789667

**Hile Branch**
Bhojpur Road, Hile, Dhankuta
Tel: 026-540628, 540629

**Itahari Branch**
Dharan Road, Itahari, Sunsari
Tel: 025-587041, 587042

**Madi Branch**
Okharbote-4, Sankhuwasabha
Tel: 01-6201751, 029-424066

## Province 2

**Baragadi Branch**
Khowpawa-3, Bara
Tel: 01-6201363

**Bardibas Branch**
Mohotari, Nepal
Tel: 044-550161, 550162

**Birgunj Branch**
Mahabir Road, Birgunj, Parsa
Tel: 051-527518, 524678

**Janakpur Branch**
Janakpurdham
Tel: 041-590240, 590241

**Lahan Branch**
Lahan, Siraha, Ward 1
Tel: 033-564684, 564685

**Nijgadh Branch**
Nijgadh, Bara, Ward 9
Tel: 053-540262, 540392

**Parsauni Branch**
Parsauni-5, Bara
Tel.: 053-620000

**Subarna Branch**
Kabahigoth-6, Bara
Tel: 01-6201366

## Bagmati

**Banepa Branch**
Tindobato, Banepa, Kavre.
Tel: 011-664734, 660984

**Bahrabise Branch**
Barhabise Bazar, Sindhupalchowk
Tel: 011-489290

**Battisputali Branch**
Battisputali, Kathmandu
Tel: 01-4484990

**Betrawati Branch**
Laharepauwa, Betrawati, Rasuwa
Tel: 010-412001, 412002

**Bhaisepati**
Lalitpur, Ekantakuna Tikabhairab Road
01-5906306, 5906307

**Bhaktapur Branch**
Sukuldhoka, Bhaktapur
Tel: 01-6617493, 6616092

**Bharatpur Branch**
Pulchowk, Chitwan
Tel: 056-595616, 595617

**Chabahil Branch**
Chuchepati, Chabahil, Kathmandu
Tel: 01-5210044, 5210045

**Charikot Branch**
Satdobato Chowk, Aditi Complex
Tel: 049-421868, 421869

**Dhading Branch**
Dhadingbesi, Dhading
Tel: 010-521110, 521111

**Dillibazar Branch**
Siddhibhawan, Charkhaladda, KTM.
Tel: 01-4531658, 4531659

**Gaurishanker Branch**
Suri-5, Dolakha
Tel: 01-6201748

**Kalanki Branch**
Kalanki Chowk, Kathmandu
Tel: 01-5234762, 5235038

**Hetauda Branch**
Main Road, Hetauda, Makawanpur
Tel: 057-525877,522899

**Jhamsikhel Branch**
Kabir Santa Satsangh Mandir,
Jhamsikhel Chowk
Tel: 01-5453135, 5453136

**Kaushaltar Branch**
Gatthaghar, Bhaktapur
Tel: 01-6639564

**Khurkot Branch**
Golanjor-7, Sindhuli
Tel: 047-590098, 590099

**Maharajgunj Branch**
Maharajgunj, Kathmandu
Tel: 01-4525183, 4424292

**Myagang Branch**
Deurali-3, Nuwakot
Tel: 01-6201463

**New Baneshwor Branch**
New Baneshwor Chowk, Kathmandu
Tel: 01-4795583, 4794859

**New Road Branch**
Bishal Bazar Complex, Kathmandu
Tel: 01-5343107, 5324787

**Parsa Branch**
Naya Road, Parsa, Chitwan
Tel.: 056-583628, 583431

**Patan Branch**
Pulchowk, Lalitpur
Tel: 01-5010584, 5010656

**Samakhushi Branch**
Gangabu, Samakhushi, Kathmandu
Tel: 01-4354663

**Satdobato Branch**
Satdobato Chowk, Lalitpur
Tel: 01-5151945, 5151935

**Shorakhutte Branch**
Shorakhutte Chowk, Kathmandu
Tel: 01-4015081, 4015082

**Sukedhara Branch**
Kathmandu 4, Sukedhara
Tel: 01-4015081, 4015082

**Swoyambhu Branch**
APF Welfare Plaza, Swoyambhu, Ktm.
Tel: 01-5247291, 5247179

**Tandi Branch**
Sauraha Chowk, Tandi, Chitwan
Tel: 056-560750, 562800

**Tarkeshwor Branch**
Dansingh-1, Nuwakot
Tel: 01-6201365

**Teku Branch**
Kathmandu Business Park, Kathmandu
Tel: 01-4104572, 4104687

**Thamel Branch**
Karmachari Sanchaya Kosh Building
Thamel, Kathmandu
Tel: 01-5970024

**Trishuli Branch**
Battar, Trishuli, Nuwakot
Tel: 010-561696, 561697

## Gandaki

**Baglung Branch**
Jeep Park, Baglung
Tel: 068-522690, 522691

**Gorkha Branch**
Bus Park, Gorkha
Tel: 064-421520

**Kawasoti Branch**
Shabhapati Chowk-5, Nawalparasi
Tel: 078-541040, 541045

**Pokhara Branch**
New Road, Pokhara, Kaski
Tel: 061-538907, 540230

**Ram Bazar Branch**
Amarsingh Chowk, Pokhara, Kaski
Tel: 061-433301, 433302

## Lumbini

**Bhairahawa Branch**
PrahariTole, Siddharthanagar,
Rupandehi
Tel: 071-576945, 575885

**Butwal Branch**
Traffic Chowk, Butwal, Rupandehi
Tel: 071-554016, 554017

**Ghorahi Branch**
New Road, Ghorahi, Dang
Tel: 082-562901, 563524

**Kohalpur Branch**
Kohalpur Municipality, ward 11
Kohalpur, Banke
Tel: 081-542146, 542148

**Lamahi Branch**
Lamahi Bus Park, Dang
Tel: 082-540842, 540843

**Manigram Branch**
Manigram Chowk
Tel: 071-562422, 562433

**Nepalgunj Branch**
Dhamboji, Nepalgunj, Banke
Tel: 081-411290, 411292

**Palpa Branch**
Silkhan Tole, Tansen, Palpa
Tel: 075-522641, 520095

**Raptisonari Branch**
Samshergunj-8, Banke
Tel: 081-400089, 400091

**Tulsipur**
Dang, Kha Line
082-523545, 523546

## Karnali

**Kumakha Branch**
Marmaparikada, Ragechaur-8, Salyan
Tel: 01-6201752

**Salyan Branch**
Srinagar, Salyan, Tel: 088-400012

**Surkhet Branch**
Ward 3, Chinal Pul, Jumla Road
Birendranagar, Surkhet
Tel: 083-524101, 523902

## Sudar Paschim

**Attariya Branch**
Mahendranagar Road
Tel: 091-590453, 590454

**Chhededaha Branch**
Dogadi Bazaar-5, Bajura
Tel: 01-6201754

**Dhangadi Branch**
Ratopool, Dhangadi, Kailali
Tel: 091-520202, 520204

**Jagannath Branch**
Juddi, Bajura
Tel: 9858477017

**Lamki Branch**
Tikapur road, Kailali
Tel: 091-540513, 540514

**Mahendranagar Branch**
Chaman Chowk, Mahendranagar
Tel: 099-590055, 590056

**Swamikartik Branch**
Suijiula, Bajura
Tel: 9858477016

**Tikapur Branch**
Jamara Pari, Tikapur
Tel: 091-560973, 560779

## Extension Counter

**Maharajgunj Branch**
TU Teaching Hospital
Tel: 01-4425183

**Gangalal Ext. Counter**
Shahid Gangalal National Heart Center
Bansbari, Tel: 01-4425183

**Gaurighat Ext. Counter**
Pokhara-6, Gaurighat
Tel: 061-590612

**Trishuli District Hospital Ext Counter**
Trishuli District Hospital
Tel: 010-561696

**Lumbini Medical College Ext Counter**
Lumbini Medical College
Palpa, Tel: 075-522641

**Raptisonari Ext. Counter**
Raptisonari RM,
Raptisonari

**Card Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749
Toll Free No.: 16-600-112-000

**Global FI & Remittance Centre**
Kamaladi, Kathmandu, Tel: 01-4227749, 4250354
Toll Free No.: 16-600-111-000

**Outside Country**
**Himalayan Bank Limited- Kuala Lumpur**
Representative Office
2nd Floor, Wisma Maran, 28 Medan Pasar
50050 Kuala Lumpur, Malaysia
Tel: +603 2022 3664

टिप्पणी

# Senior Management Team



**Ashoke SJB Rana**
Chief Executive Officer



**Anup Maskay**
General Manager



**Ujjal Rajbhandary**
General Manager



**Bipin Hada**
Asst. General Manager



**Sunil Gorkhali**
Asst. General Manager



**Satish Raj Joshi**
Asst. General Manager



**Bijay Man Nakarmi**
Asst. General Manager



**Mrigendra Pradhan**
Chief Manager



**Sisam Pradhananga Joshi**
Chief Manager



**Jayendra Bikram Shah**
Chief Manager



**Shankar Joshi**
Chief Manager



**Gyanendra Shrestha**
Chief Manager



**Samir Acharya**
Chief Manager



**Shyam Khatri**
Chief Manager



**Bhawani Ghimire**
Chief Manager



**Sagar Kumar Regmi**
Chief Manager

**Himalayan Bank Limited**
Corporate Office, Kamaladi Kathmandu
Ph. No.: 4246218/19, P.O. Box: 20590
SWIFT: HIMANPKA

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

www.himalayanbank.com